

अभिभावकहरूको पर्चा

# केटाकेटीको सिकाइबारे थप जान्दै

## खेलद्वारा आनन्दित सिकाइ

## सबै तरिकाले सन्तुलित विकास

पाठ्यक्रम विकास संस्थान,शिक्षा ब्युरो
हङ्कङ् विशेष प्रशासनिक क्षेत्र सरकार

## केटाकेटीहरूका विशेषता के-के हुन्?

- केटाकेटीहरू अद्वितीय व्यक्तिहरू हुन् जसको व्यक्तित्व, क्षमता, इच्छा र विकासका गतिहरू भिन्न-भिन्न हुन्छन् ।
- केटाकेटीहरू जिज्ञासाले भरिपूर्ण हुन्छन् र नयाँ कुराहरू सिक्न चेतनाहरू प्रयोग गर्न रूचाउँछन् ।
- केटाकेटीहरू उनीहरूको विगतको अनुभव र कौशलहरूमा आधारित विभिन्न तरिकाको सिकाइहरू प्रयोग गर्छन् ।
- केटाकेटीहरू खेल्न मनपराउँछन् र साथीहरू सँग खेलेर, मिलेर र नक्कल गरेर अनुसन्धानमा एउटा सक्रिय भूमिका लिन्छन् ।

## किन्डरगार्टेन शिक्षा पाठ्यक्रमको विकासको दिशा के हो ?

"बच्चा-केन्द्रित" किन्डरगार्टेन शिक्षा पाठ्यक्रमको मूल मूल्य हो। यसले केटाकेटीमा नैतिकता, बुद्धि, शारीरिक गठन, सामाजिक कौशलहरू र सौन्दर्यमा एउटा उमेर उचित र सन्तुलित विकास प्रवर्धन गर्छ ।




## किन्डरगार्टेन शिक्षा पाठ्यक्रमको उदेश्यहरू के हुन्?

- केटाकेटीहरूको निम्नकुराहरू प्रोत्साहन गर्न:
  - नैतिकता, बुद्धि, शारीरिक गठन, सामाजिक कौशलहरू र सौन्दर्यको क्षेत्रहरूमा सन्तुलित विकास
  - राम्रो बस्ने बानीहरू र एउटा बलियो र स्वस्थ शरीरको विकास
  - सिकाइ, जिज्ञासु दिमाग र अन्वेषण गर्न उत्सुकता
  - सकारात्मक मूल्य र मनोवृत्तिहरू



## हामी हाम्रो केटाकेटीहरूबाट कस्ता व्यक्तिगत गुणहरू आशा गर्छौं?

- किन्डरगार्टेन शिक्षा सक्काएपछि, हाम्रा केटाकेटीहरू स्वस्थ, खुशी, सक्रिय, कल्पनाशील, जिज्ञासु र अरूहरूसँग कुराकानी गर्न इच्छुक हुनेछन्।

"फ्री गुणस्तरीय किन्डरगार्टेन एजुकेसन स्किम"मा सामेल हुने किन्डरगार्टेनहरूले पाठ्यक्रम विकास परिषदले तयार गरेको सान्दर्भिक पाठ्यक्रम गाइडमा उल्लेख गर्नुपर्छ एउटा विद्यालय-आधारित पाठ्यक्रम योजना गर्न जुन केटाकेटीको विकासमा सुहाउँछ र माथि उल्लेखित पाठ्यक्रम उदेश्यहरू प्राप्त गर्न र केटाकेटी हेरचाह गर्न उपयुक्त सिकाइ र पढाइ कुटनीतिहरू प्रसारित गर्छ।



## कुन कुराले केटाकेटीको सिकाइमा वातावरण प्रवाहकीय बनाउँछ?

- केटाकेटीले स्वीकार गर्ने, प्रोत्साहन गर्ने र समर्थन गर्ने वातावरणमा सिक्नुपर्छ।
- गैर-चिनियाँ बोल्ने (एनसीएस) अथवा नयाँ आएको केटाकेटीको लागि, स्थानीय जीवनशैली र संस्कृतिमा अनुकूल हुनु र विस्तारै बुझ्नुले उनीहरूलाई अघिल्लो चरणमा किन्डरगार्टेनमा सजिलै एकिकृत गर्न सहयोग गर्छ।

## किन्डरगार्टेनमा केटाकेटीहरूले के सिक्छन्?

किन्डरगार्टेन शिक्षा पाठ्यक्रम रूपरेखा तीन अन्तरसम्बन्धित तत्वहरू नामतः "मूल्य र मनोवृत्तिहरू", "कौशलहरू" र "ज्ञान" समावेश छन् र छ सिकाई क्षेत्रहरू नामतः "आफू र समाज", "प्रकृति र जीविका", "शारीरिक स्वस्थता र स्वास्थ्य", "कला र सिर्जना", "प्रारम्भिक बाल्यकाल गणित" र "भाषा" सम्मिलित गर्छ।




## केटाकेटीहरूले किन्डरगार्टेनमा कसरी सिक्छन्?

### एकीकृत दृष्टिकोण र वास्तविक जीवन विषयहरू

- प्राथमिक र माध्यमिक विद्यालयहरूभन्दा फरक, किन्डरगार्टेनको पाठ्यक्रममा विषयहरूको पढाइ हुँदैन। त्यसको सट्टामा, यसले केटाकेटीको इच्छाहरू, विकासको गतिहरू, क्षमताहरू र अगाडीको ज्ञानलाई ध्यानमा राख्छ। वास्तविक

जीवनका विषयहरू प्रयोग गरेर, जस्तै केटाकेटीको जीवनसँग सम्बन्धित विषयहरू, विभिन्न सिक्ने क्षमताहरूका सामग्रीहरू एकिकृत गर्ने र जोड्ने, केटाकेटीको सिकाइमा इच्छा विस्तारै वृद्धि हुन्छ र सिकाइ आर्थपूर्ण हुन्छ किनकी केटाकेटीले उनीहरूले जे सिके त्यो अभ्यासमा राख्न सक्छन्।

### खेलद्वारा सिकाइ

- कक्षाकोठामा उपयुक्त र विविध खेल डिजाइन गर्नु मुख्य सिकाइ र पढाइ कुटनीति हो र त्यसले केटाकेटीको सिक्ने प्रेरणा र इच्छा वृद्धि गर्न सक्छ, उनीहरूको बौद्धिक, शारीरिक र मनोवैज्ञानिक विकासका थुप्रै क्षेत्रहरू जस्तै कुराकानी गर्ने कौशल, समस्या समाधान गर्ने कौशलहरू, सृजनात्मक सोचाइ, शारीरिक विकास सुविधाजनक बनाउँछ र सकारात्मक मूल्य र मनोवृत्तिहरू प्रोत्साहन गर्छ।

### रोचक भाषा क्रियाकलापहरू

- केटाकेटीको विकासात्मक आवश्यकता र भाषा क्षमताहरू ध्यानमा राख्दा, किन्डरगार्टेनहरूले दैनिक जीवनका स्रोतहरू प्रयोग गर्न सक्छन् र एउटा भाषा-सम्पन्न वातावरण प्रदान गर्न सक्छन्। यद्यपी रोचक सुनाइ र बोलाइ क्रियाकलापहरू जस्तै केटाकेटीको गितहरू गाउने, कथाहरू सुन्ने र दैनिक कुराकानी बाट किन्डरगार्टेनहरूले अरूहरूसँग भाषा प्रयोग गर्दा र कुराकानी गर्दा आत्मविश्वास विकास पनि गर्न सक्छन्। केटाकेटीको राम्रो मोटर कौशलहरूको विकासको लागि, केटुबाट मात्र केटाकेटीले एउटा पेन्सिल पकडेर सिक्नु उपयुक्त हुन्छ। त्यसैले, अविभावकहरूले आफ्नो केटाकेटीहरू जो के-वानमा सामेल छन् उनीहरूलाई एउटा पेन्सिल समात लगाएर लेखाउनु आवश्यक छैन ।

इडिबी वेबसाइट (www.edb.gov.hk)ले सम्बन्धित सूचना प्रदान गरेको छ। सूचनाको हकमा कृपया क्युआर कोड स्क्यान गर्नुहोस्।

कर कडे
अंग्रेजी संस्करण मात्र

**कसरी अविभावकहरूले किन्डरगार्टेनसँग मिलेर काम गर्न सक्छन् र केटाकेटीलाई स्वस्थ तरिकाले र पढाइलाई माया गर्ने तरिकाले हुर्काउन सहयोग गर्छन्?**

- अविभावकहरूको केटाकेटीमाथि आशा, अभिभावकत्व शैलीहरू, दैनिक संचार र खाली समयका क्रियाकलापहरू सबैले केटाकेटीको सिकाइ र विकासमा गहन असर पुर्याउँछ।
- दैनिक जीवनमा, अविभावकहरूले केटाकेटीको आफ्नो हेरविचार, बस्ने बानी र स्वस्थ जीवनशैलीमा चरण चरणले पोषण गर्न सक्छन्। उदाहरणको लागि, अविभावकहरूले उनीहरूको बच्चालाई आफ्नो विद्यालय झोलाहरू प्याक गर्न र उनीहरूको खेलौना र जुत्ताहरू लगाउन, खानको लागि भएन भन्न, पढाइमा इच्छा विकास गर्न र कसरतको बानी विकास गर्न र सुत्न र कामको लागि दैनिकी बनाउन पढाउन सक्छन्।



- केटाकेटीहरू प्राथमिक एकमा भर्ना हुनु अघि, अविभावकहरू किन्डरगार्टेन र प्राथमिक विद्यालयहरूले आयोजना गरेको इन्टरफेस सम्बन्धित क्रियाकलापहरूमा सहभागी हुन सक्छन्, प्राथमिक एकको जीवन बुझ्न र सिकाइको तरिकाहरू बुझ्न। उनीहरूसँग केही चिन्ता छ भने विद्यालयलाई भन्न सक्छन्। अविभावकहरूले किन्डरगार्टेन विद्यार्थीले प्राथमिक विद्यालयको पाठ्यक्रम सिक्नुपर्छ भन्ने आवश्यक छैन, अगाडी नै कठिन शब्द उच्चारण गर्नु, सामग्रीहरू घोक्नु अथवा हुबहु सार्नु आवश्यक छैन किनभने त्यसले विद्यार्थीको सिक्ने इच्छा कमजोर पार्छ र उनीहरूको शारीरिक र मनोवैज्ञानिक विकासमा असर पुर्याउँछ। अविभावकहरूले प्राथमिक कक्षामा पदोन्नतीको लागि उनीहरूको बच्चाको लागि “अन्तरवार्ता कक्षा” वा “ट्यूटोरीयल कक्षा”मा सहभागी गराउन प्रबन्ध मिलाउनु वाञ्छनीय छैन किनभने केटाकेटीले दबाव महसुस गर्नेछन् र दिगो सिकाइमा इच्छा गुमाउँछन्।

- यदि अविभावकहरू किन्डरगार्टेन शिक्षा पाठ्यक्रमसँग राजी हुन्छन्, अविभावकको लागि वार्ता र कार्यशालामा सक्रिय किसिमले सहभागि हुन्छन् साथसाथै अविभावक-बच्चा क्रियाकलाप जुन विद्यालय वा समुदायले आयोजना गर्छ, त्यसमा सक्रिय हुन्छन् र शिक्षकहरू सँग नजिकमा काम गर्छन् र केटाकेटीको भलाइमा नजिकबाट ध्यान दिन्छन् भने त्यो केटाकेटीको व्यापक र सन्तुलित विकासको प्रवर्द्धनको लागि लाभदायी हुन्छ।




किन्डरगार्टेन र प्राथमिक शिक्षा बीच इन्टरफेस सम्बन्धित मापन गर्न, कृपया इडिबी वेभसाइट (www.edb.gov.hk )मा जानुहोस् र सानो किताब नामतः "इन्ह्यान्सिंग द स्मुथ ट्रानजिसन फ्रम किन्डरगार्टेन टु प्राइमरी स्कूल" (चिनियाँ भर्सन मात्र) डाउनलोड गर्नुहोस् अथवा दाहिने तर्फ क्युआर कोड स्क्यान गर्नुहोस् ।

कर कडे
चिनियाँ संस्करण
मात्र